# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २०४ | काठमाडौं | शुक्रबार, ९ मंसिर २०७९ | Prabhab National Daily | Friday, November 25, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## प्रतिनिधिसभाको १०० स्थानमा विजयी सांसद

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतगणना जारी छ। प्रतिनिधिसभा सदस्यका लागि कूल १६५ मध्ये १६२ स्थानमा मतगणना जारी छ। यो समाचार तयार पार्दासम्म तीन जिल्लाका तीन निर्वाचन क्षेत्रमा भने मतगणना सुरु हुन सकेको छैन। स्याङ्जा निर्वाचन क्षेत्र नं २, बाजुरा निर्वाचन क्षेत्र नं १ र दोलखा निर्वाचन क्षेत्र नं १ मा अझै मतगणना सुरु भएको छैन।

बिहीबार रातिसम्म सार्वजनिक मतपरिणामअनुसार नेपाली कांग्रेस ३६, नेकपा एमाले २२, नेकपा माओवादी केन्द्र नौ, नेकपा एकीकृत समाजवादी नौ, राष्ट्रिय स्वतन्त्र पार्टी सात, राष्ट्रिय प्रजातन्त्र पार्टी चार स्थानमा विजयी भएका छन् ।

बिहीबार रातिसम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फ १०० निर्वाचन क्षेत्रको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ। जसअनुसार नेपाली कांग्रेस ३६, नेकपा एमाले २२, नेकपा माओवादी केन्द्र नौ, नेकपा एकीकृत समाजवादी नौ, राष्ट्रिय स्वतन्त्र पार्टी सात र राष्ट्रिय प्रजातन्त्र पार्टी चार स्थानमा विजयी भइसकेका छन् । यस्तै, लोकतान्त्रिक समाजवादी पार्टी, जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले दुई/दुई स्थानमा विजयी भएका छन्। नेपाल मजदुर किसान पार्टी, जनमत पार्टी र राष्ट्रिय जनमोर्चा एक/एक तथा स्वतन्त्र उम्मेदवार पाँच स्थानमा विजयी भएका छन्।

जारी मतगणनामा कांग्रेसले १७, एमालेले २५, माओवादी केन्द्रले आठ, जनता समाजवादी चार, लोसपा र राप्रपा दुई/दुई तथा राष्ट्रिय स्वतन्त्र पार्टी, एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीले एक/एक निर्वाचन क्षेत्रमा अग्रता कायम गरेका छन् । यो बिहीबार रातिसम्मको तथ्यांक हो।

**प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९**
**मतपरिणाम अपडेट**

| | जित | अग्रता |
|---|---|---|
| नेपाली कांग्रेस | ३६ | १७ |
| नेकपा एमाले | २२ | २५ |
| माओवादी केन्द्र | ०९ | ०८ |
| रास्वपा | ०७ | ०१ |
| ए. समाजवादी | ०९ | ०१ |
| राप्रपा | ०४ | ०२ |
| अन्य | १४ | ०६ |

### कांग्रेसबाट निर्वाचित ३६ सांसद

डडेलधुरामा शेरबहादुर देउवा, झापा-१ मा विश्वप्रकाश शर्मा, ओखलढुंगामा रामहरि खतिवडा, पर्सा-२ मा अजयकुमार चौरसिया, पर्सा-४ मा रमेश रिजाल, रौतहट ४ मा देवप्रसाद तिमलसिना, सिन्धुली-१ मा श्यामकुमार घिमिरे, सप्तरी ३ मा दिनेशकुमार यादव, काठमाडौं-१ मा प्रकाशमान सिंह, काठमाडौं-३ मा सन्तोष चालिसे, काठमाडौं-४ मा गगनकुमार थापा, काठमाडौं-५ मा प्रदीप पौडेल, काठमाडौं-१० मा राजेन्द्रकुमार केसी, भक्तपुर-२ मा दुर्लभ थापा क्षेत्री, ललितपुर-१ मा उदय शम्शेर राणा, धादिङ-२ मा रामनाथ अधिकारी, रसुवामा मोहन आचार्य निर्वाचित भएका छन्।

यस्तै मनाङ-१ मा टेकबहादुर गुरुङ, मुस्ताङ-१ मा योगेश गौचन थकाली, गोरखा-१ मा राजेन्द्र बजगाई, तनहुँ-१ मा रामचन्द्र पौडेल, तनहुँ-२ मा शंकर भण्डारी, नवलपरासी पूर्व-१ मा शशांक कोइराला, नवलपरासी पूर्व-२ मा विष्णुकुमार कार्की, स्याग्दी-१ मा खमबहादुर गर्बुजा, बाँके-३ मा किशोरसिंश राठोर, दैलेख-२ मा दिक्पालबहादुर शाही, सुर्खेत-१ मा पूर्णबहादुर खड्का, सुर्खेत-२ मा हृदयराम थानी, अछाम-२ मा पुष्पबहादुर शाह, कञ्चनपुर-२ मा नारायणप्रकाश साउद, कञ्चनपुर-२ मा रमेश लेखक, कैलाली-४ मा वीरबहादुर बलायर, (**बाँकी पृष्ठ २ मा**)

# भावी सरकारको चार सम्भावित समीकरण

■ जेबी योञ्जन

**काठमाडौं–** यही मंसिरको अन्तिम सातातिर नयाँ सरकार गठन हुने सम्भावना छ। सम्भावित सरकार गठनको समीकरणबारे भने अहिल्यैदेखि चर्चा सुरु भएको छ। सार्वजनिक भएका चुनावी परिणामलाई आधार मान्दा कुनै दलले एकल बहुमत पुऱ्याउने अवस्था देखिँदैन। पहिलो दल नेपाली कांग्रेस र दोस्रो दल नेकपा एमाले हुने स्पष्ट देखिएको छ। तेस्रो दल बन्ने होडमा नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) देखिन्छन्।

सबै निर्वाचन क्षेत्रको परिणाम आइसकेपछि संविधानअनुसार राष्ट्रपतिले धारा ७६ को उपधारा (१) अनुसार नभई (२) अनुसार सरकार गठनका लागि दलहरूलाई आह्वान गर्ने सम्भावना बढेको छ। उक्त उपधाराअनुसार दुई वा दुईभन्दा बढी दलहरूले समर्थन गरेको प्रतिनिधिसभा सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्न सक्छन्। यो सहमतीय सरकार हो। मिलिजुली सरकार पनि भन्ने गरिन्छ।

वरिष्ठ अधिवक्ता महेश नेपाल 'थ्रेस होल्ड' पार गरेर राष्ट्रिय मान्यताप्राप्त जुनसुकै पार्टीका संसदीय दलका नेताले दुई वा दुईभन्दा बढी दलका प्रतिनिधिसभा सदस्यहरूको समर्थन लिँदै सरकार गठनका लागि राष्ट्रपतिसमक्ष दाबी पेस गर्न सक्ने बताउँछन्। यस अधारमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत पार्टीका संसदीय दलका नेताले बहुमत जुटाएर प्रधानमन्त्रीमा दाबी गर्ने अवस्था रहन्छ।

बहुमतका लागि भने २७५ जना सांसदमध्ये १३८ जना सांसदको समर्थन चाहिन्छ। उसो भए कसले बहुमत जुटाएर सरकार गठन गर्लान् ? अथवा, कस्तो होला भावी सत्ता समीकरण ? चासोपूर्वक हेरिएको छ। तर, सत्ता समीकरणबारे चार सम्भावना रहेको विश्लेषण हुँदै आएको छ।




कांग्रेस नेतृत्वको गठबन्धन सरकार
कांग्रेस-एमालेको सरकार
एमाले, रास्वपा, राप्रपा, जसपा र जनमतको सरकार
एमाले, माओवादी, समाजवादी, जनमोर्चासँगै जसपा-लोसपा सरकार

'थ्रेस होल्ड' पार गरेर राष्ट्रिय मान्यताप्राप्त जुनसुकै पार्टीका संसदीय दलका नेताले दुई वा दुईभन्दा बढी दलका प्रतिनिधिसभा सदस्यहरूको समर्थन लिएर सरकार गठनका लागि राष्ट्रपतिसमक्ष दाबी पेस गर्न सक्छ ।

### पहिलो: कांग्रेस नेतृत्वमा गठबन्धन सरकार

प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गठबन्धनलाई चुनावपछि पनि निरन्तरता दिने चुनावअघि पटक-पटक दाबी गरेका थिए। सरकार पनि गठबन्धनकै बन्ने उनीहरूको भनाइ थियो। यदि, गठबन्धनले निरन्तरता पाउने अवस्था भए गठबन्धनको सरकार बन्ने स्थिति देखिन्छ।

गठबन्धनमा कांग्रेस, माओवादीसँगै माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र राष्ट्रिय जनमोर्चा छन्। यो समाचार तयार गर्दासम्मको चुनावी परिणामको आधारमा आकलन गर्दा कांग्रेसले प्रत्यक्षतर्फ ३६ सिट जितिसकेको, १७ क्षेत्रमा अग्रता रहेको र अझै केही क्षेत्रमा गणना हुन बाँकी रहेकोले करिब ५८ सिट जित्ने देखिन्छ। समानुपातिकतर्फबाट कम्तीमा ३७ सिट जितेको अवस्थामा ९५ सिटसहित कांग्रेस पहिलो हुनसक्ने अवस्था छ। समानुपातिकतर्फ कांग्रेसले दोस्रो बढी मत पाउँदै छ।

माओवादीले प्रत्यक्षतर्फ नौ सिट जितेको र आठ सिटमा अग्रता हुँदा करिब १७ सिटमा जित्नसक्ने देखिएको छ। समानुपातिकतर्फ २०७४ मा जसरी मत नपाएको यो दलले १३ सिट पाए ३० सिट हुनेछ। गठबन्धनको अर्को दल एकीकृत समाजवादीले नौ सिटमा जित निकालेको र एक सिटका लागि अग्रता लिइरहेको अवस्था छ। उक्त दलको १० सिट हुने देखिन्छ, तर समानुपातिकतर्फ थ्रेस होल्ड कटाए केही सिट बढ्नेछ। हालसम्मको स्थितिमा भने थ्रेस होल्ड कटाउन नसक्ने अवस्था देखिएको छ।

लोसपाले दुई सिट जितेको र दुई सिटका लागि अग्रता लिइरहेकाले चार सिट जित्ने अनुमान गरिएको छ। राष्ट्रिय जनमोर्चाले एक सिट जितिसकेको छ। यस्तो अवस्थामा गठबन्धनको १४० सांसद हुने र बहुमतीय सरकार गठन हुनसक्ने आधार देखिन्छ।

### दोस्रो: कांग्रेस-एमालेको सरकार

यसपालि संसद्मा कांग्रेस पहिलो र एमाले दोस्रो दल बन्ने निश्चित भएको छ। विगतमा संसद्को पहिलो र दोस्रो दल मिलेर सरकार बनेको इतिहास छ। यसपटकको संसद्बाट पनि कांग्रेस र एमालेले मिलेर सरकार नबनाउलान् भन्न सकिँदैन। यदि, दुई दल मिलेको अवस्थामा स्पष्ट बहुमत पुग्ने देखिन्छ। तर, पहिलो दलले सरकार गठन गरे दोस्रो दल प्रमुख विपक्षी दलको भूमिकामा रहने संसदीय परम्परा छ।

### तेस्रो: एमाले नेतृत्वमा गठबन्धन सरकार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले शेरबहादुर देउवासँग भन्दा पनि केपी शर्मा ओलीसँग मिलेर सरकार गठन गर्ने बिहीबार संकेत गरे। प्रत्यक्षतर्फ सात सिट जितेको रास्वपाको एक ठाउँमा अग्रता छ। आठ सिट जिते भने समानुपातिकतर्फ कम्तीमा २० सिट प्राप्त गर्नेगरीको मत पाउने अड्कल हुँदै आएको छ। त्यसो हुँदा रास्वपाको करिब २८ सिट हुन सक्छ। एमालेले प्रत्यक्षमा २२ सिट जितेको छ। २४ क्षेत्रमा अग्रता छ। समानुपातिकमा पहिलो दल भएकोले अघिल्लोपटकमा जसरी ४१ (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## बहालवाला र चार पूर्वश्रममन्त्रीलाई सफलता

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** बहालवाला एकसहित श्रम मन्त्रालयको नेतृत्व सम्हालिसकेका पाँच नेता पुनः संघीय संसद्मा देखिने भएका छन्। यही ४ मंसिरमा सम्पन्न आमनिर्वाचनबाट उनीहरू प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन्। निर्वाचित हुनेमा हालका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवर, पूर्वश्रममन्त्रीहरू कृष्णकुमार श्रेष्ठ, गोकर्ण विष्ट, रमेश लेखक तथा पूर्वश्रम राज्यमन्त्री टेकबहादुर गुरुङ रहेका छन्।

हालका श्रममन्त्री कुँवर अछाम-१ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन्। नेकपा एकीकृत समाजवादी पार्टीका नेता कुँवर वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवार थिए। उनले नेकपा एमालेका उम्मेदवार झपट बोहरालाई झण्डै चार हजार ५०० मतले पराजित गरे। कुँवरले १९ हजार ५३४ मत पाए भने निकटतम प्रतिस्पर्धी बोहराले १५ हजार ४५ मत ल्याए। मन्त्री कुँवरले श्रम मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै नीतिगत तथा प्रविधिक सुधारका कार्य थालेका थिए। उनकै योजनामा श्रमिकसँग श्रममन्त्री कार्यक्रम ल्याएर प्रत्यक्ष संवादको थालनी गरिएको छ।

पूर्वश्रममन्त्री श्रेष्ठ बारा क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्। नेकपा एकीकृत समाजवादीका उनी पनि वाम-लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार हुन्। उनले आफ्नो प्रतिद्वन्दी नेकपा एमालेका उम्मेदवार एकवाल मियाँलाई पराजित गरेका हुन्।



श्रेष्ठले २० हजार २९७ मत ल्याएर विजयी हुँदा मियाँले १३ हजार ८६३ मत प्राप्त गरे। श्रेष्ठले आफू श्रममन्त्री हुँदा श्रम गन्तव्य मुलुकहरूको खोजी गर्ने र मलेसियालगायत खाडी मुलुकमा लागू गरिएको 'फ्रि भिसा, फ्रि टिकट' अव्यावहारिक भएको भन्दै पुनरवेदन गर्न पहल गरेका थिए। यद्यपि, उनको उक्त प्रयास पूरा हुन पाएन। तर, उनकै अग्रसरतामा मन्त्रालयसहित सम्बन्धित निकायलाई प्रविधियुक्त बनाउने काम भयो।

यस्तै श्रम मन्त्रालयको जिम्मेवारी सम्हालिसकेका र निरन्तर संघीय सांसदमा विजयी हुने अर्का भाग्यमानी व्यक्ति हुन् गोकर्ण विष्ट। एमाले सचिवसमेत रहेका उनी यसपटक पनि गुल्मी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए। विष्टले नेकपा एकीकृत समाजवादीकी सचिव रामकुमारी झाँक्रीलाई दुई हजारभन्दा बढी मतले पराजित गरी आफ्नो वर्चश्व कायम राखे। उनले २८ हजार ४७६ मत प्राप्त गरे भने झाँक्रीले २६ हजार ४४२ मत पाइन्। विष्टले श्रममन्त्री भएका बखत वैदेशिक रोजगारीमा जाने कामदारहको हितमा नीतिगत निर्णय गरी कार्यान्वयनमा अडान लिएका थिए। उनले लिएको अडानका कारण लामो समय वैदेशिक रोजगारीको गतिविधि प्रभावितसमेत भएको थियो।

पूर्वश्रम राज्यमन्त्री टेकबहादुर गुरुङ पनि प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्। वैदेशिक रोजगार व्यवसायी पृष्ठभूमि भएका नेपाली कांग्रेसका नेता गुरुङ मनाङबाट निर्वाचित भएका हुन्। उनी आफ्नो प्रतिस्पर्धी एमालेका उम्मेदवार पोल्देनछोपाङ गुरुङलाई हराउँदै विजय भएका हुन्। गुरुङले श्रम राज्यमन्त्री भए पनि कार्यकारी अधिकार पाएका थिए। उनले वैदेशिक रोजगारीमा जाने कामदारमाथि चर्को आर्थिक भार परेको भन्दै 'फ्रि भिसा, फ्रि टिकट'मा पठाउनुपर्ने नीतिगत व्यवस्था गरेका थिए। तत्कालीन समयमा फ्रि भिसा, फ्रि टिकटमा कामदार पठाउन नसकिने भन्दै व्यवसायीहरूले चर्को विरोध गरेका थिए। फौजदारी अभियोगमा मुद्दा खेपिरहेका गुरुङले उक्त मुद्दा किनारा नलागेसम्म संसद प्रवेश गर्न भने नपाउने भएका छन्।

यस्तै अर्का पूर्वश्रममन्त्री नेपाली कांग्रेसका नेता रमेश लेखक पनि प्रतिनिधिसभा सदस्यका लागि निर्वाचित भएका छन्। उनले कञ्चनपुर क्षेत्र नं. ३ बाट एमालेकी उम्मेवार निरुदेवी पाललाई फराकिलो मतान्तरले हराउँदै संसदीय यात्रा तय गरेका हुन्। लेखक ३० हजार ५२३ मत पाएर विजयी भए भने पालले १८ हजार ४४८ मत ल्याइन्। लेखकले श्रममन्त्री हुँदा वैदेशिक रोजगारव्यवसायीहरूलाई (**बाँकी पृष्ठ २ मा**)




## प्रतिनिधिसभाको....

पृष्ठ १ बाट जारी

दार्चुला-१ मा दिलेन्द्रप्रसाद बडू, सुर्खेत-१ मा पूर्णबहादुर खड्का, दाङ-३ मा दीपक गिरी विजयी भएका छन् ।

**एमालेबाट निर्वाचित ४४ सांसद**

झापा-५ मा केपी शर्मा ओली, उदयपुर-२ मा अम्बरबहादुर रायमाझी, झापा-२ मा देवराज घिमिरे, झापा-४ मा एलपी साँवा लिम्बू, ताप्लेजुङमा योगेशकुमार भट्टराई, धनकुटामा राजेन्द्रकुमार राई, सोलुखुम्बुमा मानवीर राई, पर्सा-३ मा राजकुमार गुप्ता, सिरहा-१ मा रामशंकर यादव, काठमाडौं-९ मा कृष्णगोपाल श्रेष्ठ, ललितपुर-३ मा प्रेमबहादुर महर्जन, मकवानपुर-२ मा महेशकुमार बर्तौला, कास्की-२ मा विद्या भट्टराई, पर्वत-१ मा पदम गिरी, लमजुङमा पृथ्वी सुब्बा गुरुङ, गुल्मी-२ मा गोकर्ण विष्ट, अर्घाखाँची-१ मा टोपबहादुर रायमाझी, प्यूठान-१ मा सूर्यबहादुर थापा, कपिलवस्तु-१ मा बलराम अधिकारी, रूपन्देही-५ मा बासुदेव घिमिरे, बाँके-१ मा सूर्यप्रसाद ढकाल र बैतडीमा दामोदर भण्डारी निर्वाचित भएका छन् ।

**माओवादी केन्द्रबाट निर्वाचित नौ सांसद**

गोरखा-२ मा पुष्पकमल दाहाल, खोटाङमा रामकुमार राई, सिन्धुली-२ मा लेखनाथ दाहाल, सिन्धुपाल्चोक-१ मा माधव सापकोटा, बागलुङ-२ मा देवेन्द्र पौडेल, दाङ-२ मा रेखा शर्मा, रुकुमपूर्वमा पूर्णबहादुर घर्ती मगर, रोल्पामा वर्षमान पुन, जाजरकोटमा शक्तिबहादुर बस्नेत विजयी भएका छन् ।

**एकीकृत समाजवादीबाट विजयी नौ सांसद**

रौटहट-१ मा माधवकुमार नेपाल, बारा-४ मा कृष्णकुमार श्रेष्ठ, धादिङ-१ मा राजेन्द्रप्रसाद पाण्डे, डोल्पामा धनबहादुर बुढा, दैलेख-१ मा अम्मरबहादुर थापा, सल्यान-१ मा प्रकाश ज्वाला, अछाम-१ मा शेरबहादुर कुँवर, बझाङ-१ मा भानुभक्त जोशी र डोटी-१ मा प्रेमबहादुर आले निर्वाचित भएका छन् ।

**रास्वपाबाट निर्वाचित ७ सांसद**

राष्ट्रिय स्वतन्त्र पार्टीबाट चितवन-३ मा रवि लामिछाने, चितवन-१ मा हरि ढकाल, काठमाडौं-२ मा सोविता गौतम, काठमाडौं-६ मा शिशिर खनाल, काठमाडौं-७ मा गणेश पराजुली, काठमाडौं-८ मा विराजभक्त श्रेष्ठ र ललितपुर-३ मा तोसीमा कार्की विजयी भएका छन् ।

**राप्रपाबाट विजयी चार**

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट झापा-३ मा राजेन्द्रप्रसाद लिङ्देन, बाँके-२ मा धवलशम्शेर राणा, मकवानपुर-१ मा दीपकबहादुर सिंह र जुम्ला मा ज्ञानबहादुर शाही विजयी भएका छन् ।

यस्तै, जनता समाजवादी पार्टीबाट पर्सा-१ मा प्रदीप यादव र सप्तरी-१ मा नवलकिशोर साह सुडी निर्वाचित भएका छन् । लोकतान्त्रिक समाजवादी पार्टीबाट सर्लाही-१ मा रामप्रकाश चौधरी र रूपन्देही-४ मा सर्वेन्द्रनाथ शुक्ल निर्वाचित भएका छन् । नागरिक उन्मुक्ति पार्टीबाट कैलाली १ र ३ मा क्रमशः रञ्जिता श्रेष्ठ र गंगाराम चौधरी विजयी भएका छन् ।

नेपाल मजदुर किसान पार्टीबाट भक्तपुर-१ मा प्रेम सुवाल, जनमत पार्टीबाट सप्तरी-२ मा चन्द्रकान्त राउत तथा स्वतन्त्र उम्मेदवारहरू मोरङ-५ मा योगेन्द्र मण्डल, रौतहट-३ मा प्रभू साह, सर्लाही-४ मा अमरेशकुमार सिंह र बर्दिया-२ मा लालवीर चौधरी विजयी भएका छन् ।

## भावी सरकारको...

पृष्ठ १ बाट जारी

सिट सांसद बनाउनेगरी मत आउनसक्ने विश्लेषण हुँदै आएको छ । त्यसो हुँदा एमालेले करिब ४७ सिट जित्ने उक्त दलका नेताहरूले अनुमान गरेका छन् ।

यो चुनावमा एमालेसँग ठाउँ-ठाउँमा चुनावी तालमेल गरेको राप्रपाले चार सिट जितेको र दुई ठाउँमा अग्रता रहेका कारण छ सिट जित्ने देखिन्छ । एमालेसँगको गठबन्धनमा रहेको अर्को दल जनता समाजवादी पार्टी (जसपा) को दुई सिट जितेको र चार क्षेत्रमा अग्रता रहेको हुँदा राप्रपाले जति नै छ सिटमा जसपाले चित्त बुझाउने चर्चा हुँदै आएको छ। यी दलहरूसँग एक सिट जितेको जनमत पार्टीले साझेदारी गरेको अवस्थामा अर्को सत्ता समीकरण बन्न सक्छ ।

**चौथोः कम्युनिस्ट पार्टीहरू र जसपा-लोसपा सरकार**

एमाले अध्यक्ष केपी शर्मा ओलीले माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई मिलेर जाने प्रस्ताव बिहीबार गरेका छन्। दाहाल पनि थप छलफल गर्न तयार रहेको उनको सचिवालयले जनाएको छ। बिहीबार नै एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पनि विचार दर्शनका आधारमा अगाडि बढ्ने भए वाम एकता हुने बताएका छन्।

यस आधारमा संसद्मा यी तीन दलहरू एकताबद्ध भएर नजालान् भन्न सकिँदैन । एकताबद्ध भए अर्को वामपन्थी दल जनमोर्चा र दुई पहिचानवादी दल जसपासँगै लोसपाले साथ दिए सरकार गठन गर्नेगरीको बहुमत जुट्नसक्ने देखिन्छ ।

## बहालवाला...

पृष्ठ १ बाट जारी

जवाफदेही बनाउन र दिगो व्यवसाय सञ्चालन गरुन् भन्ने उद्देश्यले धरौटीको प्रावधान ल्याएका थिए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता एवं पूर्वश्रममन्त्री दीपक बोहोरा पनि संसदीय यात्राको लागि प्रतिस्पर्धामा छन् । रूपन्देही-३ बाट उम्मेदवार रहेका उनको प्रतिस्पर्धा गृहमन्त्री बालकृष्ण खाणसँग रहेको छ । सत्ता गठबन्धनका साझा उम्मेदवार खाण नेपाली कांग्रेसका प्रभावशाली नेता मानिन्छन् । मत गणना चलिरहँदा यी दुई नेताबीच कडा प्रतिस्पर्धा चलिरहेको छ ।

**पूर्वश्रममन्त्री चौधरी पराजित**

त्यसो त निर्वाचनमा भाग लिएका सबै पूर्वश्रममन्त्रीहरूले चुनाव जित्न सकेका छैनन् । कैलाली क्षेत्र नं. ३ बाट चुनाव लडेका एमालेका नेता एवं पूर्वश्रममन्त्री गौरीशंकर चौधरीले पराजय बेहोर्नुपर्‍यो । उनलाई नागरिक उन्मुक्ति पार्टीका गंगाराम चौधरीले पराजित गरे । गौरीशंकरले नौ हजार ८७४ मत पाउँदा गंगारामले २३ हजार १२० मत ल्याएर ठूलो मतान्तरले जित हासिल गरे । गौरीशंकरले आफू श्रममन्त्री हुँदा उल्लेख्य सुधारका कार्यहरू गर्न नसकेको आरोप लाग्ने गरेको छ । उनी माओवादी केन्द्रका पूर्वनेतासमेत हुन् ।

पूर्वश्रममन्त्री मोहम्मद अफताव आलमले भने उम्मेदवारी दर्ता गर्न पाएनन् । हाल उनी व्यक्ति हत्याको अभियोगमा जेल सजाय भोगिरहेका छन् । पूर्वश्रममन्त्री रामेश्वर राय यादव, फरमुल्लाह मन्सुर सरिता गिरीलगायतका नेताहरूले यसपटकको चुनावी प्रतिस्पर्धामा भाग लिएका छैनन् ।


## सूचना ! सूचना !! सूचना !!!

**अनवर राइन (ना.प्र.नं.१८-१-०२२/१५१)** नाम गरेको व्यक्तिले आफू यस **SWIFT H.R. SOLUTION PVT.LTD** (ई.प.नं. 1197/073/074) मा कार्यरत रहेको भन्दै यस प्रालिको नाम जोडेर विभिन्न व्यक्तिहरूबाट वैदेशिक रोजगारीमा पठाउने नाममा रकम असुली गरिरहेको सूचना प्राप्त भएकोले निज (**अनवर राइन**) यस प्रालिमा आबद्ध नरहेको सरोकारवाला सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कोही कसैले निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक कारोबार गरेमा यस प्रालि जवाफदेही नहुनेसमेत यसै सूचनामार्फत जानकारी गराईन्छ ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL TILAD AL ARABIYA EST**

पुर्व स्वीकृति मिति २०७९/०८/०६ | LT. No. 276020 | चलानी नं. ६०१९१८१३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Building Surface Cleaning Labor | 3 | 0 | 1500 | ५१,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर १६ गते (2nd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Landmark MANPOWER SOLUTIONS PVT. LTD.

**Landmark Manpower Solution Pvt. Ltd.**

श्रम ईजाजत नं. ७६२/०६४/०६५

P. O. Box: 26407, Basundhara Chowk Near by Bangladesh Embassy, Kathmandu, Nepal.
Phone No.: 01-4970092, 014970093 & +9779803580841
Email: applicant.landmark@gmail.com, Website: www.lmmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KARAN BEVERAGE SERVING ESTABLISHMENT**

पुर्व स्वीकृति मिति २०७९/०८/०८ | LT No.276494 | चलानी नं. ६०१९१९५०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Coffee Maker | 1 | 0 | 1200 | ४१,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **NATIONAL FACTORY FOR PLASTIC INDUSTRY CO**

पुर्व स्वीकृति मिति २०७९/०८/०८ | LT No.276493 | चलानी नं. ६०१९१९४९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Upload and download operator | 1 | 0 | 1200 | ४१,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर १६ गते (2nd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**

Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SPECIAL SQUAD SECURITY SERVICES SDN BHD**

पुर्व स्वीकृति मिति २०७९/०८/०८ | LT. No. 276179 | चलानी नं. ६०१९१९९७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 33 | 0 | 1500 | ४३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **SATRIA INTELLIGENCE AGENCY SDN BHD**

पुर्व स्वीकृति मिति २०७८/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/०८ | LT. No. 260791 | चलानी नं. ६०१७९२०५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 5 | 0 | 1200 | ४३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर १६ गते (2nd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GOLDEN EAGLE SECURITY**

पुर्व स्वीकृति मिति २०७९/०८/०८ | LT. No. 276449 | चलानी नं. ६०१९२००५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Driver | 2 | 0 | 1500 | ४३,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guards | 38 | 4 | 1500 | ४३,४१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर १७/१८ गते (3/4 Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np


### चन्द्रपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

चन्द्रनिगाहपुर, रौतहट ।
मधेश प्रदेश, नेपाल

## आ.व. २०७९/८० को लागि ढुंगा, गिट्टी, ग्रावेल, बालुवा उत्खनन, संकलन तथा निकासी कर उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०८/०९

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११, उपदफा २ घ को (६) दफा ६४ उपदफा १(च) अनुसार चन्द्रपुर नगरपालिकाको तपसिलका नदीहरुको घाटहरुबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा व्यवस्था भए अनुसार निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटगद्दीबाट चन्द्रपुर नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी तपसिलमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आ.व. २०७९/८० को मिति २०७९।०९।१५ देखि २०८० जेठ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपसिलमा उल्लेखित कानूनी प्रकृया पुरा गरेका ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/०७९ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामाको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन चन्द्रपुर नगर पालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहायका ठेक्का शिलबन्दी बोलपत्र मार्फत बन्दोवस्त गनुपर्ने भएकाले प्रथम पटकको लागि यो बोलपत्र आह्वानको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि यस चन्द्रपुर नगरपापिलकाको वेवसाईट www.chandrapurmun.gov.np मा हेर्न सक्नु हुनेछ ।

**तपशिल**

| सि.न | ठेक्का नं. | ठेक्काको विवरण | जम्मा उठाउन पाउने परिमाण | न्युनतम अंक (भ्याट वाहेक) | दर रेट | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | १५–२०७९/८० | ढुगां,गिट्टी,बालुवा, ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण (बाग्मती नदि पौराइ दोभान देखि मंगलपुरसम्म) | २१८२९०४.४४ क्युफिट | १३०९७४२६.६४ (एक करोड तिस लाख सन्तान्नबे हजार चार सय छब्बीस रुपैया चौसठी पैसा) मात्र | प्रति क्यूफिट रु.६ | ५०००।- | कबोल अंकको पांच प्रतिशत |
| २ | १६–२०७९/८० | ढुगां, गिट्टी, बालुवा, ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण चाँदी नदि राजमार्ग उतर वडा नं. ४) | ११४६४५७.३३५ क्युफिट | ६८७८७४४.०१ (अड्सठी लाख अठहत्तर हजार सात सय चौवालिस रुपैया एक पैसा मात्र) | प्रति क्यूफिट रु.६ | ३०००।- | कबोल अंकको पांच प्रतिशत |
| ३ | १७–२०७९/८० | ढुगां,गिट्टी,बालुवा, ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण (चाँदी नदि राजमार्ग दक्षिण वडा नं. ५, ८, ९) | १०२३०७५.५५ क्युफिट | ६१३८४५३.३० (एक्सठी लाख अड्तिस हजार चार सय त्रिपन्न रुपैया तिस पैसा मात्र) | क्यूफिट रु.६ | ३०००।- | कबोल अंकको पांच प्रतिशत |

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन मिति २०७९/०९/०९ गते कार्यालय समयभित्र निवेदन साथ नवीकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७८।०७९ सम्मको कर चुक्ता वा म्याद थपको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित राजस्व शाखाबाट बोलपत्र पत्र फारम खरिद गरी सक्नुपर्नेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन मिति २०७९/०९/१० गते दिनको १२:०० बजेभित्र बोलपत्र पत्र फारम साथ नवीकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७८।०७९ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बुझाएको नगदी रसिद सहितको बोलपत्र फारम भरी राजस्व शाखामा दर्ता गरी सक्नुपर्नेछ ।

३. बोलपत्र दर्ता गर्दा बोलपत्र पत्र जमानत (BID Security) धरौटी वापतको रकम स्वदेशी नागरिक भएमा बोल कवोल अंकको ५% र विदेशी नागरिक भए बोल कवोल अंकको १०% रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड चन्द्रनिगाहपुरमा रहेको धरौटी खाता नं. ग-३-०८१०३००००३००००००००१ मा रकम जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत सहित शिलबन्दी टेण्डर फारामसँग संलग्न गरी पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फाराम दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश : सो को भोलिपल्ट बोलपत्र फाराम दाखिला गर्ने र खोल्ने कार्य हुनेछ तर खरिद कार्य हुने छैन ।

५. रीतपूर्वक दर्ता हुन आएका गोप्य शिलवन्दी टेण्डर फारामहरु मिति २०७९/०९/०९ गते दिनको २:०० बजे बोलपत्र दाता स्वयंम वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयमा दर्ता भएका सिलबन्दी बोल पत्र खोल्न बाधा पर्ने छैन ।

६. शिलवन्दी बोलपत्र पत्र फाराममा आफूले कवोल गरिएको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नुपर्नेछ ।

७. बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।

८. यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । यस सम्वन्धी बिस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

# म्याग्दीमा २३ वर्षपछि कांग्रेसको जित

**गलेश्वर–** नेपाली कांग्रेस म्याग्दीले २३ वर्ष पछि पहिलोपटक जिल्लामा प्रतिनिधिसभा सदस्यको निर्वाचन जितेको छ । यसअघि कांग्रेसले २०५६ सालमा जित हासिल गरेको थियो । आसन्न निर्वाचनमा म्याग्दी कांग्रेसका सभापतिसमेत रहेका खमबहादुर गर्वुजा (खमवीर) तेस्रो पटकको प्रयासमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् ।

वि.सं. २०५६ मा नेपाली कांग्रेसको तर्फबाट नेपाली सेनाका सेवा निवृत्त म्याग्दीका कर्नेल नारायणसिं पुन विजयी भएका थिए । गर्वुजा यसअघि वि.सं. २०७० को आमनिर्वाचनमा नेकपा एमालेका नवराज शर्मा र २०७४ सालको निर्वाचनमा एमालेकै भूपेन्द्रबहादुर थापासँग पराजित भएका थिए ।

त्यसैगरी वि.सं. २०६४ मा समानुपातिकतर्फ नाम सिफारिस भए पनि सांसद हुन भने पाएनन् । तर, आइतबार सम्पन्न निर्वाचनमा लोकतान्त्रिक-वामगठबन्धनको तर्फदेखि उम्मेदवार बनेका गर्बुजाले तेस्रो प्रयासमा फराकिलो मतान्तरले विजय प्राप्त गरेका हुन् । गर्बुजाले २४ हजार २१ मत प्राप्त गरेका छन् भने उनका प्रतिद्वन्द्वी नेकपा एमालेका हरिकृष्ण श्रेष्ठले २० हजार १८९ मत प्राप्त गरे । जिल्लामा ८६ हजार १२० मतदाता रहेकोमा ५० हजार ६२५ मत खसेको थियो ।

निर्वाचित भएसँगै गर्बुजाले आफ्नो जितलाई म्याग्दीवासीको जित भएको बताए । 'म जनताको सेवक भएर काम गर्नेछु, मेरो सामर्थ्यले भ्याएसम्म म्याग्दीलाई विकासको फल चखाउने प्रयास गर्नेछु,' उनले भने ।

गर्बुजाले बेलायती सेनाबाट अवकाश लिई वि.सं. २०५४ मा नेपाली कांग्रेसमा आबद्ध भएदेखि निरन्तररूपमा राजनीति गर्दै आएका छन् । वि.सं. २०५४ मा तरुण दलको सदस्यता लिएर म्याग्दीको विकासका लागि होमिएका गर्बुजाको २०२२ सालमा रघुगंगा गाउँपालिका-४ मा पर्ने दग्नाम गाउँमा जन्मिएका थिए ।

गर्बुजा २०६७ सालमा सम्पन्न नेपाली कांग्रेस म्याग्दीको पाँचौं जिल्ला अधिवेसनबाट जिल्ला कार्यसमितिको उपसभापति र २०७२ सालमा सम्पन्न छैटौं जिल्ला अधिवेसन र २०७८ सालमा सम्पन्न सातौं जिल्ला अधिवेसनबाट सभापतिमा निर्वाचित भएका थिए । *रासस*

## चेक हराएको सूचना

मिति २०७९/०८/०२ गते बालुवाटारदेखि ज्ञानेश्वरसम्म जाँदा मेरो निम्न व्हाेरा भएको **कामना सेवा विकास बैंक लि.** को चेक हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम थर : मनोज चौधरी**
**चेक नं: १५४७८८४९-१५४७८८५२**
**एकाउन्ट नं: १०५१४१००३५०८८५००००१**
**सम्पर्क नं: ९८४७०८२४६२**
**ब्रान्च : मनमैजु**

## मोटरसाइकल हराएको सूचना

**जे.एस. अटोमोबाइल्स प्रा.लि.** को नाम बाट ऋणी **श्री उमेश कठायत** नाममा रहेको निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७९/०५/३० गते का.जि. किर्तिपुर नयाबस्ती न.पा. वडा नं. ०५ पार्किङबाट बेलुकी २३:०० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

**प्रकार – FZ 16 FI 149 CC**
**बाई नं. बाग्मती प्रदेश -०२-०३५ प ९९३६**
**चेसिस नं. ME1RG441CM0096542**
**इन्जिन नं. G3J3E0567486**
**रङ्ग – कालो**
**सम्पर्क – 9840208048**

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०६/२७ गते निम्न विवरणको रातो, कालो रङको Pulsar 220 CC Model को मोटरसाइकल भक्तपुर, सुर्यविनाएक स्थित साझको करिब ७:३० देखि ८:०० बजेको समयमा हराईएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : विश्वास तामाङ**
**बाइक नं. : बा.प्र -०२-०३५ प ६४७९**
**च्यासिस नं.:MD2A13EX7NCK 80654**
**इन्जिन नं. : DKXCMJ 34957**
**ठेगाना : जुगल गा.पा. ६**
**मो. : ९८५१३३५३४८**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC**

पूर्व स्वीकृति मिति २०७८/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०८ | LT. No. 248136 | चलानी नं. ६०१६७६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 152 | 34 | 2000 | ७०,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १६ गते (2nd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60
P.o.Box: 10943, New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977-1-4468734, 4104243
Fax: +977-1-4460562, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GLOBAL EMIRATES SERVICES CO. LLC**

पूर्व स्वीकृति मिति २०७८/११/04 | पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/०८ | LT. No. 258112 | चलानी नं. ६०१७४९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 17 | 0 | 1200 | ४२,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Launderer | 5 | 0 | 1000 | ३५,२९५ | | | | | | | |
| 3 | Kitchen Helper | 2 | 0 | 800 | २८,२३५ | | | | | | | |
| 4 | Foreign Food Cook | 10 | 0 | 1500 | ५२,९५५ | | | | | | | |
| 5 | Dish Washer | 10 | 0 | 800 | २८,२३५ | | | | | | | |
| 6 | Cleaner | 16 | 0 | 800 | २८,२३५ | | | | | | | |
| 7 | Baker | 3 | 0 | 1500 | ५२,९५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १६ गते (2nd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,
indigo.recp@gmail.com, Website : www.ioplneoal.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MIHO TECHNOLOGY SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०८/०८ | LT. No. 276119 | चलानी नं. ६०१९१९२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १६ गते (2nd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १४५५/०७४/०७५
Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MUJEEB SALEM ALL YAMI CONTRACTING EST.**

पूर्व स्वीकृति मिति २०७९/०८/०८ | LT. No. 276488 | चलानी नं. ६०१९१९८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building | 35 | 0 | 1000 | ३४,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 35 | 0 | 1300 | ४४,४८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १६/१७ गते (2/3 Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: १०,०००**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०
**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **VITAL HEALTHCARE SDN.BHD.**

पूर्व स्वीकृति मिति:२०७९/०८/०८ | LT. No. 276017 | चलानी नं. ६०१९१९१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 55 | 0 | 1500 | ४३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**प्रि- अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १३ देखि १५ गते (29th Nov to 1st Dec. 2022) सम्म हुनेछ ।**

**फाईनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १६ र १७ गते (2/3 Dec. 2022) मा हुनेछ ।**

कम्पनी : **CARGILL PALM PRODUCTS SDN BHD**

पूर्व स्वीकृति मिति:२०७९/०८/०७ | LT. No. 276195 | चलानी नं. ६०१९१९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 50 | 0 | 1500 | ४३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**प्रि- अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १६ र १७ गते (2/3 Dec. 2022) सम्म हुनेछ ।**

**फाईनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २०/२१/२२ गते (6/7/8 Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००४/०६८/०६९
**Nepal Recruitment Consultancy Pvt. Ltd.**
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648


# शुभप्रवा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.


**मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं**
फोन नं.४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं

## कर्जा चुक्ता गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरूरी सूचना

**तेस्रो पटक प्रकाशित मिति २०७९/०८/०९**

यस संस्थाबाट कर्जा लिनु भएको तपसिलमा उल्लेखित ऋणीले यस संस्थासँग कर्जा लिंदा कर्जा तमसुक लगायतका लिखतहरूमा उल्लेखित शर्त बन्देजहरू बमोजिम साँवा-व्याज रकम समय समयमा भुक्तानी गर्नुपर्नेमा नतिरी, नबुझाई तोकिएको भाखा अवधिभित्रको शर्त तथा कबुलियत नामामा उल्लेखित नियमहरू उल्लंघन गर्नु भएकोले बक्यौता (साँवा/व्याज र हर्जना) रकम भुक्तानी गर्नका लागि यस संस्थाबाट पटक-पटक मौखिक तर ताकेता गर्नुका साथै पटक-पटक पत्रद्वारा जानकारी गराउँदा समेत बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले कर्जा चुक्ता गर्न आउने बारे मिति २०७९-०५-२२ मा प्रथम पटक ३५ (पैंतिस) दिने र मिति २०७९-०७-२० गते दोस्रो पटक १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा पनि बेवास्ता गरिएकोले यो तेस्रो पटक ७ दिने सूचना प्रकाशित गरिएको छ । उक्त समयभित्र आफ्नो सम्पूर्ण साँवा-व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ । माथि उल्लेखित समय अवधिभित्र ऋणीले कर्जा नतिरेमा जमानीकर्ता आफैंले उक्त कर्जा लिँदा गरेको व्यक्तिगत धनजमानी, लिखतका कबुल शर्तअनुसार आफ्नो जिम्मेवारी, दायित्वमा पर्न जाने हुँदा कर्जासँग सम्बद्ध सबै पक्षहरूलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । तोकिएको अवधिभित्र पनि साँवा/व्याज र हर्जना रकम चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा नेपालको प्रचलित अन्य बिद्यमान कानुनमा व्यवस्था भएअनुसार ऋणीले कर्जा लिँदा कर्जा सुरक्षण बापत लेखी दिएको धितो लिलाम बिक्री गरी कर्जा असुलउपर गरिनुका साथै कालो सूचीमा समावेश गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | साक्षी/जमानीको विवरण | धितो विवरण |
|---|---|---|
| **नाम थर** : वुनु राई<br>**बाबुको नाम** : धन बहादुर तामाङ<br>**ससुराको नाम** : शिव बहादुर राई<br>**पतिको नाम** : धन कुमार राई<br>**स्थायी ठेगाना** : साविक कपन गा.वि.स.३, काठमाडौं<br>**हालको ठेगाना** : बुढानीलकण्ठ न.पा.७, हेपाली हाइट, काठमाडौं<br> | **नाम, थर** : धन कुमार राई<br>**स्थायी ठेगाना** : खोटाङ जिल्ला बाकाचोल गाविस वडा नं.१<br>**हालको ठेगाना** : बुढानीलकण्ठ न.पा.७, हेपाली हाइट, काठमाडौं<br><br>**नाम, थर** : सिद्धार्थ राई<br>**ठेगाना** : काठमाडौं जिल्ला बुढानीलकण्ठ न.पा.७, हेपाली हाइट, काठमाडौं<br> | **घर/जग्गाधनीको**<br>**नाम थर** : वुनु राई<br>**ठेगाना** : काठमाडौं जिल्ला इचंगुनारायण वडा नं.६<br>**कित्ता नं** : ४३६<br>**क्षेत्रफल** : १२३.२१ व.मि. |

# दार्मा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
फारुलाचौर, सल्यान
कर्णाली प्रदेश नेपाल

## बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति:२०७९/०८/०९)**

दार्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयवाट आ.व. २०७९/०८० स्वीकृत कार्यक्रम बमोजिम २०७९/०६/१४ गते विद्युतिय बोलपत्र खरिद प्रणाली र मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहाय बमोजिमका निर्माण कार्य खरिदका लागि बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरू खोलि मूल्याङकनका लागि मूल्याङकन समितिमा पेश भएकोमा बोलपत्र मूल्याङकन समितिको सिफारिसकोआधारमा देहाय बमोजिमका बोलपत्रदाताको कूल कवोल अंक न्यूनतम मूल्याङकित सारभुतरूपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ को बमोजिम सम्वन्धित सरोकारवालहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | ठेक्का कवोल गर्ने फर्मको नाम र ठेगाना | कूल कवोल अंक रु (मु.अ.क.र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| 1. | DRM/NCB/W/B/01/079/080 | Construction Nawa sarwa sadharan MA.VI. School building | Jenisha Niman sew and suppliers , Sharada NA.PA.-03, Salyan | 1,06,78,547.62 |

**प्रमुख प्रशासकीय अधिकृत**

# मुसिकोट नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
मुसिकोट, रुकुम(पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति: २०७९/०८/०९**

उपरोक्त सम्बन्धमा गेवियन वाकस खरिद सम्बन्धि मिति २०७९/०७/०१ गते प्रकाशित सूचना बमोजिम सूचनाको म्याद भित्र ई विडिङ मार्फत दाखिला हुन आएका बोलपत्रहरूको मुल्यांकन हुँदा तपसील बमोजिमको वोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम न्यून मुल्यांकित सारभुत रूपमा प्रभावग्राही भई मिति २०७९/०८/०८ गतेको निर्णय अनुसार स्विकृतिका लागि छनौट भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कामको विवरण | संख्या | बोलपत्रदाता | बोल कबोल रकम (मू.अ.कर बाहेक) | ल.ई. भन्दा |
|---|---|---|---|---|---|
| 1. | Supply and Delivery of Heavy Coated Machine Made Gabion Boxes 2*1*1 m | NCB/MM.Ruk/G. 03_079/080 | M/S Malla Nirman Seva and Suppliers, Musikot 05, Rukum (West) | 24,55,400.00 | 2.36 % Less |

**मुसिकोट नगरपालिका**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## व्यवस्था फेर्न होइन सबल बनाउन लागौं

मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको मतपरिणाम सार्वजनिक हुने क्रम जारी छ। प्रारम्भिक नतिजाले अबको संसद्को परिदृश्य लगभग प्रस्ट पारिसकेको छ। संसद्मा यसपालि ठूला दलहरूको सिट खोस्दै केही नयाँ दलले प्रवेश पाएको छ। राजतन्त्र र हिन्दू राष्ट्रको पक्षमा वकालत गर्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पनि अफ्नो सिट संख्या बढाउने भएको छ। संघीयताको विपक्षमा वकालत गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिलो प्रयासमै तेस्रो शक्तिको रूपमा उदाउने सम्भावना देखिन्छ। अर्कोतर्फ जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले पनि संसद्मा प्रवेश पाएको छ। जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी भने यसपटक केही सिटमा खुम्चिने पक्कापक्की भएको छ। नेकपा एमालेबाट विभाजित भई गठन भएको नेकपा एकीकृत समाजवादी पार्टीले प्रत्यक्षतर्फ करिब १० सिटसहित संसद्मा प्रवेश गर्ने भएको छ।

यो परिदृश्यले अबको संसद्मा पहिचान र संघीय पक्षधर कमजोर हुने संकेत देखाएको छ। किनभने, नेकपा एमाले र नेपाली कांग्रेसभित्र पनि एक पक्ष संघीय व्यवस्थाप्रति अनुदार रहँदै आएका छन्। राजनीतिक विश्लेषक बुद्धछिरिङ मोक्तानचुनावी परिणाम हेर्दा डरलाग्दो स्थिति देखिने बताउँछन्। संविधानबाट संस्थागत भएको संघीयता र धर्म निरपेक्षता टार्गेटमा पर्न सक्ने र यी उपलब्धिहरूका विरुद्धमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने प्रवक्ता बनेर आउनसक्ने उनको भनाइ छ। राजनीतिक विश्लेषक मोक्तानको भनाइ केही सान्दर्भिक पनि छ। किनभने, रास्वपाले प्रदेश खारेजीको मागलाई प्रमुख मुद्दा बनाएर चुनावमा गएको थियो। उक्त दलले प्रदेशसभामा उम्मेदवारीसमेत दिएको छैन। रास्वपाका सभापति लामिछानेले प्रदेशसभा सदस्यका लागि मतदानसमेत गरेनन्।

मुलुकमा ठूलो संघर्षबाट स्थापित संघीय प्रणालीको यो व्यवस्था कार्यान्वयनमा आएको एक दशक पनि भएको छैन। त्यसैले यो व्यवस्थालाई हटाएर फेरि नयाँ ल्याउने भन्दा पनि यसलाई कसरी सबल बनाउने भन्नेमा केन्द्रित हुन आवश्यक छ। इतिहासमै पहिलोपटक जनताबाट चुनिएका जनप्रतिनिधिबाट लेखिएको नेपालको संविधान–२०७२ मा व्यवस्था गरिएका अधिकांश प्रावधानहरू कार्यान्यवयनमा आइसकेको छैन।

संविधानले प्रदेशलाई जुनरूपमा परिभाषित गरेको छ, त्यो व्यवस्थाअनुसारको अधिकार प्रत्यायोजन गर्न अघिल्लो सरकार र संसद् असफल रह्यो। जसकारण प्रदेशको भूमिका गौन बन्न पुगेको प्रस्ट छ। संघीयताको मर्मअनुरूप प्रदेशमा अधिकार प्रत्यायोजनमा अघिल्लो सरकारले कन्जुस्याइँ गरेकै हो। त्यसैले अब बन्ने सरकारले प्रदेशलाई अधिकार प्रत्यायोजन गरी प्रभावकारी भूमिका दिलाउन आवश्यक छ। यसका लागि आगामी संसद्ले भूमिका खेल्नुपर्ने हुन्छ। तर, यो भूमिका निभाउनेमा यो चुनावी परिणामले शंका उब्जाएको छ। संविधानले गरेको व्यवस्थालाई सबल कार्यान्वयन गर्दै जानुको विकल्प छैन। अहिले संसद्मा आउँदै गरेका नयाँ पार्टी होस् या विगतदेखि संसद्मा रहँदै आएका दलहरू, सबै यसमा जिम्मेवार बन्नुपर्छ। अब फेरि व्यवस्था परिवर्तन गर्नेतर्फ लाग्नु हुँदैन। यही व्यवस्थालाई सबल बनाउँदै मुलुकको विकास र समृद्धिको मार्गचित्र कोर्न भूमिका खेल्नुपर्छ। जनताको ठूलो संघर्षबाट प्राप्त यो उपलब्धि गुम्न दिनु हुँदैन। व्यवस्था फेर्न होइन, सबल र समृद्ध बनाउन लागौं।

## मनन्योग्य

### चाणक्य नीति


सीमापारिको सूचना गुप्तचरबाट थाहा पाएर चाणक्य विचलित भावले राजमहलको सभाभवनमा यताउति घुमिरहेका थिए। चन्द्रगुप्त सैनिक मानचित्रको अध्ययन गरिरहेका थिए। यस्तैमा एउटा प्रहरी प्रवेश गर्दै कुनै गुप्तचर आएको खबर दियो। गुप्तचर आई चन्द्रगुप्त र चाणक्यलाई सैनिकका ढंगबाट अभिवादन गर्दै सिन्धु नदीपारि सेल्युकस ठूलो सैन्य लिई आइपुग्यो, यसपटक उसँग इरान र अरबका राजा पनि छन्, सुनिन्छ तक्षशिलाका हामीद्वारा नियुक्त राजाले पनि उसको स्वाधीनता स्वीकार गरे अरे भन्ने खबर पनि सुनियो। यो सुन्दा चाणक्यका आँखा रिसले राताराता भए, क्रोधले रातो भएको उनको मुख देखी चन्द्रगुप्त पनि डराए। चाणक्यले चन्द्रगुप्तपट्टि फर्की भने-'तिमीबाट पराजित भएको सेल्युकसले आफ्नो अपमान बिर्सिएको छैन। ऊ चोट लागेको सर्पजस्तै भइरहेछ। तिमी एक ठूलो सेना लिई झेलमपारि नै उसलाई रोक। साथै रिसने बडबडाई मुखबाट शब्द निस्कदै थियो, आकाशबाट चाहेजति नै पानी किन नपरोस् पृथ्वीले सबै पिउछिन् चाहे जत्रो नै तुफान किन नआओस् त्यसले क्या हल्लाउन पनि सक्तैन।'

'त्यो स्याललाई हामीले अभयदान दिएका थियौ। फेरि यता आउने साहस उसलाई कसरी आयो ? सुनको भोको ए सेल्युकस। हामी यसपटक तेरो स्वागत यसरी गत पुनः भारतवर्षमा कुदृष्टिले हेर्नसक्ने छैनस्। अनि चाणक्यले केही कुरा सोच्तै लामो सास फर जुन उनको मनोबलको द्योतक थियो।

यतिखेरै सैनिक कवच धारण गरी गुप्तचरले प्रवेश गरे। श्रद्धा एवम् विश्वासले अभिवादन गरे। चाणस्यले 'जय' को आशीर्वाद दिदै रणनीतिसम्बन्धी गूढ़ परामर्श पनि उनलाई तत्काल दिए।


सँगसँगै चन्द्रगुप्त र चाणक्य महलबाट बाहिरिदै सैनिक छाउनीसम्म आए र चन्द्रगुप्तने चाणक्यको चरण स्पर्श गरी आफ्नो प्यारो सेतो घोडामा चढी युद्धको शंखनाद गरे हजारो घोडचढी, लाखों पैदल सैनिक, सबकडी ज्ञ हाती अत्यन्तै डरलाग्दो आँधीबेहरी उत्पन्न गर्दै युद्धभूमितर्फ लागे उता व्याँसपारि मगधको सीमादेखि टाढा डरलाग्दो समूहमा। **क्रमशः**

# एक सय एक 'कालजयी नेपाली कविता' माथि सर्वग्राहृयताको प्रश्न



■ श्याम रिमाल

**यत्रो भीमकाय जोखिमपूर्ण पुस्तक प्रकाशन गर्दा पनि सम्पादकले कुन-( कुन कृतिबाट भूमिकाका अंश लिइएको हो, त्यसको उद्धरण गर्न अथवा पादटिप्पणी गर्न भने चुकेका छन्। धेरै ठाउमा प्रकाशन भइसकेका नेपाली कविताका यस्ता विभिन्न चरण र प्रवृत्तिको पुनःलेखनलाई भूमिका लेखक वा सम्पादकले आफ्नै मौलिक लेखन भनाउनु हुदैन थियो। त्यस्तै प्रकाशित केही कवितामा रहेका कथ्यको पनि कतै न कतै विश्लेषण भइसकेका हुनाले तिनलाई पनि सम्पादकले श्रेय दिनुपर्थ्यो।**




नेपाली साहित्यका विभिन्न विधामा विभिन्न कवि लेखकका सामूहिक संकलन धेरै अघिदेखि नै हुँदै आइरहेको छ। विशेषगरी नेपाली भाषाका कविता, कथा र निबन्ध तथा केही समालोचना र नाटकका लेखरचना एकै पुस्तकमा समाविष्ट गर्ने चलन रहिआएको छ। उपन्यास भने अन्य विधाभन्दा केही मोटै हुने भएकाले एकै लेखककाबाहेक विभिन्न स्रष्टाका समावेश गरेर सिंगो कृति प्रकाशन गर्ने काम भने हुन सकेको छैन। यस्तो संकलन सरकारी तवरबाट नेपाल प्रज्ञा-प्रतिष्ठान र साझा प्रकाशनबाट हुँदै आएको छ।

'साझा कथा', 'साझा कविता', 'प्रगतिशील कविता' आदि केही उदाहरण हुन्। प्रज्ञा-प्रतिष्ठानले पछिल्ला वर्षहरूमा यस्ता निकै संकलन नेपाली-अंग्रेजी दुवै भाषामा प्रकाशन गरेको छ। ईश्वर बरालको संकलनमा रहेको 'सयपत्री' निबन्ध संग्रह पनि प्रख्यात छ। नकुल सिलवालको 'बगर प्रकाशन'ले पनि वर्षभरि छापिएका उत्कृष्ट रचना भनी प्रकाशन गर्ने गरेको थियो। पछिल्ला कालमा सशस्त्र जनयुद्धसम्बन्धी, तराई-मधेस-पहाड, पृथ्वीनारायण शाह, युवा रचनाकार आदिसम्बन्धी कथा-कविताका संकलन छापिएका छन्। निजी संस्थाहरूले पनि अब यसलाई गति दिन थालेका छन्।

केही पत्रिकाहरूले ती विधाका विशेषांक निकालेर सामयिक संकलनकोझैं काम गरेका पनि छन्। पाठक तथा समालोचकहरूलाई नेपाली साहित्यको स्थिति र प्रवृत्ति कस्तो छ र कहाँ पुग्यो भनी जान्न यसले निकै मद्दत गर्छ। सोही विधाका रचनाकारहरूलाई पनि आफ्ना क्षेत्रको इतिहास र लेखन प्रवृत्ति जान्न तथा वर्तमानमा लेखिरहेका आफ्नै पुस्ता र कनिष्ठ पुस्ताबारे जानकारी पाउन सजिलो पर्छ।

बिपी कोइराला नेपाल-भारत फाउन्डेसन'को प्रकाशकत्व र कृसु क्षेत्रीको सम्पादकत्वमा प्रकाशित 'कालजयी नेपाली कविता' (२०७९) पछिल्लो कालको नेपाली कविताको सामूहिक संकलन हो। 'पृथ्वीनारायण'कालीन कवि सुवानन्ददास (वि.सं. १८२०) देखि सम्पादक क्षेत्री (२०३७) स्वयंको गरी १०१ कविका एकएक रचना समाविष्ट प्रस्तुत कृतिको भूमिका पनि क्षेत्रीकै छ। 'युगमाथि विजय प्राप्त गर्ने' भनिएका प्रस्तुत कविता विदेशमा जाँदा त्यहाँका साहित्यकारहरूले नेपाली प्रतिनिधि कविताको माग र खोजी गरेकाले पाठकसमक्ष प्रस्तुत गरिएको जिकिर गर्दै पछि हिन्दी र अंग्रेजी भाषामा अनुवाद गरिने वाचा पनि गरिएको छ।

'अनन्तकालसम्म यात्रारत', 'आमपाठकका बीच लामो छाप, गहिरो प्रभाव र अपनत्वको भाव छाडेको' र 'पाठकको मनमस्तिष्कमा लामो समयसम्म बास गर्ने', 'शाश्वत् मूल्य, ऐतिहासिक मूल्य र युगीन यथार्थपरक मूल्यका', आफ्नो कवितात्मक मूल्यमा मानक निर्माण गरेका', 'तत्तत् कालखण्डका प्रतिनिधिमूलक आवाज', 'समय र समाजप्रति गरिएका सम्बोधन', 'युगीन यथार्थका अभिव्यञ्जना', 'मानवीय संवेदना तथा अनुभूतिका अभिव्यक्ति', 'आफ्नो समय र मनोसंवेदनाका विविध भावविम्बहरूलाई अभिव्यक्त गरेको' र ' चिरन्तन मूल्य अभिव्यक्त भएको' यी 'कालजयी कविता'हरू वास्तविक अर्थमा वर्षौंसम्म जनमनमा कहिलेसम्म रहिरहने हुन् वा काललाई कतिसम्म जित्न सक्ने हुन्, भविष्यले बताउनेछ।

'नेपाली साहित्यका चर्चित कवि, वरिष्ठ समालोचक र त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरू सम्मिलित एक कार्यदल'ले 'विनाविभेद, तटस्थ रही कवि र कविताको समयमै चयन गरी सम्पादकलाई प्रस्ताव गरेका' संकलित कविताको रौंचिरा समालोचना उनीहरूबाट कत्तिको भयो, त्यसबारे कृतिमा कतै उल्लेख नभए पनि 'युगीन स्वर', 'सूक्ष्म सामाजिक चेतना', 'विशिष्ट शैली, शिल्प र प्रवृत्ति', 'अर्वाचीन विषयवस्तुको प्रस्तुति', 'विशेष घटनाको अप्रतिम प्रस्तुति', 'इतिहासको भविष्यसँग साक्षात्कार', 'सर्वग्राहृयता', 'समष्टिगत वैचारिक आधार', 'सार्वभौमिक चेतना' र 'परिपक्वता-समग्रताको खोज' जस्ता विशेषता प्रत्येक यी फुटकर कवितामा भए नभएको विश्लेषण भने गरिनुपर्छ।

भानुभक्त आचार्यको 'कान्तिपुरी नगरी', लेखनाथ पौडेलको 'पिँजराको सुगा' धरणीधर कोइरालाको 'जाग जाग', लक्ष्मीप्रसाद देवकोटाको 'पागल', भीमनिधि तिवारीको 'काम्यो लुगलुग त्यो', सिद्धिचरण श्रेष्ठको 'मेरो प्यारो ओखलढुंगा', गोपालप्रसाद रिमालको 'आमाको सपना', माधवप्रसाद घिमिरेको 'कालीगण्डकी', मविवी शाहको 'रारा कि अप्सरा', विजय मल्लको 'छोरीलाई मानचित्र पढाउँदा', मोहन कोइरालाको 'फर्सीको जरा', हरिभक्त कटुवालको 'यो जिन्दगी खै के जिन्दगी', भूपी शेरचनको 'मैनबत्तीको शिखा', वासु शशीको 'पर्खाल लगाएपछि धेरैथोक बाहिर पर्छ', ईश्वरबल्लभको मेरी आमाले आत्महत्या गरेको देश', मदन रेग्मीको ' अन्त्यमा आत्मसमर्पण गर्ने प्रमेथियस' र वैरागी काइँलाको 'मातेको मान्छेको भाषण : मध्यरातपछिको सडकसित' नेपाली साहित्यका बहुसंख्यक पाठकमात्र नभएर अन्यले पनि मन पराउने, सम्झने र बेलाबेला उद्धरण गर्ने कविता हुन्।

मोदनाथ प्रश्रितको 'गोलघरको सन्देश', शैलेन्द्र साकारको 'सर्पहरू गीत सुन्दैनन्', कृष्णभूषण बलको 'काठमाण्डू एक्लैले अब काठमाण्डू बोक्न सक्दैन', विक्रम सुब्बाको 'सगरमाथा नांगै देखिन्छ', मीनबहादुर विष्टको 'साला पहाडमा क्या है', तीर्थ श्रेष्ठको ' लाहुरे फूल ! म तिम्रो नाम फेर्न चाहन्छु', दिनेश अधिकारीको 'बिहे', दुबसु क्षेत्रीको 'साले दुबसु क्षेत्री', आहुतिको 'गहुँगोरो अफ्रिका' र श्रवण मुकारुङको ' बिसे नगर्चीको बयान' पनि बिर्सन नसकिने कविता हुन्। कुन्ता शर्मा र मोमिलाका कविता धेरै ठाउँमा छापिएका र पढिएका हुन्। विद्यालय र क्याम्पस-विश्वविद्यालयका पाठ्यपुस्तकमा समावेश भएकाले केही रचना 'कालजयी' बन्न सकेका हुनसक्छन्। अनि ठूलो सभामा वाचन गर्न पाउँदा र उही रचना धेरै ठाउँमा वाचन गर्दा पनि त्यसले श्रोताका कानमा धेरै पटक बास गरेको हुन सक्छ।

परराष्ट्र मन्त्रालयका अधिकृत रहेका सम्पादकले समयगत, आयामगत, रचनागत र आकारगत सीमाका कारण सय जोड एकको संख्या मात्र समावेश गर्न सकिएको भनी स्वीकारेकाले अन्य केही रहनैपर्ने कविता परेका छैनन्। पुराना कविहरू गोमा, सोमनाथ सिग्द्याल, केवलपुरे किसान, भवानी घिमिरे, गोविन्द भट्ट, पोषण पाण्डेदेखि बम देवान, बद्री भिखारी, वेणु आचार्य, अमर गिरी, पुरुषोत्तम सुवेदी, राजव, राजेन्द्र पराजुली, महेश प्रसाईं, राजकुमार केसी, कर्णप्रखर धिताल आदिका कविता कालजयी नभएकाले यसमा परेनन् वा कविताभन्दा अन्य विधामा ती वा अन्य स्रष्टा प्रख्यात भएकाले यसमा ठाउँ नदिइएको भनी मान्नुपर्ने हुन्छ।

त्यस्तै वि.सं. २०२८-३१ सम्म जन्मेका कविहरूका कविता पनि सोही कोटिमा परेको ठान्नुपर्ने भएको छ। वि.सं. २०४६ सम्म राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भइसकेका रचनाकार मात्र संग्रहमा छानिनाले पनि केही व्यक्ति र तिनका रचना यसमा परेनन्। यस्ता सामयिक तथा अन्य संकलन प्रकाशन गर्दाको जोखिम के हो भने सबै लिंग, जाति, वर्ग र समुदायलाई समेट्नैपर्ने हुन्छ। एकातिर कविलेखकहरू वैचारिकरूपले विभिन्न वादमा छरिएकाले तिनलाई उपेक्षा गर्न मिल्दैन भने अर्कातिर आफू-आफन्त, इष्टमित्र, नाताकुटुम्ब तथा गुट-समूहलाई त झन् बेवास्ता गर्नै सकिँदैन। यस्तो समावेशिताले गर्दा प्रस्तुत कृतिकै कतिपय रचनालाई पनि जबर्जस्ती 'कालजयी' मान्न पाठक वा आलोचक बाध्य हुन सक्छन्। व्यक्ति स्थापित हुनु र रचना कालजयी बन्नु फरक कुरा हुन्।

यत्रो भीमकाय जोखिमपूर्ण पुस्तक प्रकाशन गर्दा पनि सम्पादकले कुन-कुन कृतिबाट भूमिकाका अंश लिइएको हो, त्यसको उद्धरण गर्न अथवा पादटिप्पणी गर्न भने चुकेका छन्। धेरै ठाउँमा प्रकाशन भइसकेका नेपाली कविताका यस्ता विभिन्न चरण र प्रवृत्तिको पुनःलेखनलाई भूमिका लेखक वा सम्पादकले आफ्नै मौलिक लेखन भनाउनु हुँदैन थियो। त्यस्तै प्रकाशित केही कवितामा रहेका कथ्यको पनि कतै न कतै विश्लेषण भइसकेका हुनाले तिनलाई पनि सम्पादकले श्रेय दिनुपर्थ्यो। जुन कार्यदलको सहयोग लिएर कृति प्रकाशन गरिएको छ, त्यसको पारदर्शिता भएका भए भावी दिनमा अन्य समालोचक र यस्तै संकलनकर्तालाई तिनसँग सम्पर्क गर्न सजिलो हुन्थ्यो।

अर्को कुरा, त्यो कार्यदल त प्रस्तुत संग्रहका मात्र नभएर समग्र नेपाली साहित्यकै सम्पत्ति पनि हुन् जसले यस्तो बृहताकार कृतिको जन्मलाई साथ दिए, जो अब गुमनाम भए। सम्पादकलाई विलयन लेखन आन्दोलनमा सदैव साथ दिने चेतनाथ धमलाको नाम पनि भूमिकामा आइदिएको भए राम्रो हुन्थ्यो। भूमिका लेखनमा केही मुद्राराक्षसगत-वर्णविन्यासगत, केही वाक्यगत र केही तथ्यगत त्रुटि देखिन्छन्। भावी दिनमा विरलै जन्मने यस्ता कृतिका गरिमा, निष्पक्षता र सर्वग्राहृयतामा भने प्रश्न उठाइने मौका कसैलाई दिनुहुन्न। *रासस*

# रास्वपा र अमेरिकन फ्रिडम पार्टीको सम्बन्ध के ?

▶▶ बीपी भण्डारी

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुनु करिब चार महिना अगाडि मात्र स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) यतिखेर चर्चामा रहेको छ। पुराना राजनीतिक दलहरूलाई पाखा लगाउँदै राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ काठमाडौंमा चार, चितवनमा दुई र ललितपुरमा एक क्षेत्रमा जित हासिल गरिसकेको छ। अहिलेसम्मको मत परिणामलाई हेर्ने हो भने थप एक स्थानमा रास्वपाले अग्रता लिइरहेको देखिन्छ।

देशभरि रास्वपाको चर्चा बहस चलिरहँदा कसैले ध्यान पुऱ्याउन नसकेको एउटा महत्त्वपूर्ण पाटो भने स्वतन्त्र पार्टीको निर्वाचन चिह्न घण्टी, पार्टीको झण्डाको रङ र संकेत चिह्न तारालाई हेर्ने हो भने कतै यो पार्टी अमेरिकन फ्रिडम पार्टीको नेपालस्थित शाखा कार्यालय त होइन भन्ने आशंका पैदा गराएको छ।

हुन त रास्वपाका अध्यक्ष रवि लामिछाने लामो समय अमेरिका बसेका व्यक्ति मात्र नभएर नेपाली नागरिकता त्यागेका व्यक्ति पनि हुन्। उनी नेपालमा आएर सञ्चारकर्मी बनिरहँदा अर्का पत्रकार किशोर श्रेष्ठसँगको आन्तरिक लडाइँका कारण लामिछानेले अमेरिकाको ग्रिन कार्ड त्यागेको घोषणा गरेका थिए। तर, उनले नेपालको नागरिक बन्नका लागि र नागरिकता प्राप्तिका लागि कुनै पनि प्रयास भने गरेका थिएनन्। अहिले उनको पुरानो नागरिकतालाई मान्ने कि नमान्ने भन्ने बहस पनि हुन थालेको छ।

**झट्ट हेर्दा पार्टीको नामदेखि रूपरेखा सबै उस्तैमात्र होइन विचार पनि उस्तैउस्तै देखिएको छ। रास्वपा स्थापना भइरहँदा धेरैले आरोप पनि लगाउँदै आइरहेका थिए, कतै युरोपियन युनियनको सहयोगमा सञ्चालित पार्टी त होइन ?**

यद्यपि, निर्वाचन आयोगले पुरानै नागरिकताका आधारमा उम्मेदवार स्वीकृत गरिसकेपछि त्यसलाई चर्चामा ल्याउनु पुराना पार्टीहरूको हारको असन्तुष्टि पोख्ने एउटा बाटोमात्र हो भन्दा फरक नपर्ला। तर, यहाँ उठेको महत्त्वपूर्ण कुरा के हो भने रवि लामिछानेको पार्टी र अमेरिकन फ्रिडम पार्टीको सम्बन्ध के हो ? भन्ने प्रश्न उठ्न थालेको छ। अमेरिकन फ्रिडम पार्टीले पनि आफ्नो चिह्न घण्टी र निलो आधारमा सेतो तारा अंकित गरी स्वतन्त्रता, सार्वभौमसत्ता र पहिचानको विषयलाई अघि सारेको छ भने राष्ट्रिय स्वतन्त्र पार्टीको पनि करिब करिब उस्तै छ (अमेरिकन फ्रिडम पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीको लोगो हेर्नुस्)। यसले के संकेत गरिरहेको छ भने रविले नेतृत्व गरिरहेको रास्वपा र अमेरिकन फ्रिडम पार्टीबीच कुनै न कुनै सम्बन्ध छ।

हुन पनि झट्ट हेर्दा पार्टीको नामदेखि रूपरेखा सबै उस्तैमात्र होइन विचार पनि उस्तैउस्तै देखिएको छ। रास्वपा स्थापना भइरहँदा धेरैले आरोप पनि लगाउँदै आइरहेका थिए, कतै युरोपियन युनियनको सहयोगमा सञ्चालित पार्टी त होइन ? किनकि, उक्त पार्टीको झण्डा र युरोपियन युनियनको झण्डा उस्तै देखिन्थ्यो। तर, अध्ययन गर्दै जाँदा रविले नेतृत्व गरिरहेको रास्वपा र अमेरिकन फ्रिडम पार्टीका अधिकांश कुरा एउटै देखिएको छ।

यसले रास्वपा कतै अमेरिका वा अमेरिकन फ्रिडम पार्टीको लगानीमा सञ्चालित त छैन ? भन्ने आशंका पैदा गराएको छ। तर, धेरै यस विषयमा अध्ययन नगरेका कारण पनि यस विषयमा चर्चा हुन नसकेको हो। रवि लामिछानेको यो पार्टीसँग निकट सम्बन्ध नेपाली कांग्रेसका महामन्त्री एवं क्षेत्र नं. ४ बाट निर्वाचित गगन थापा, झापाबाट निर्वाचित विश्वप्रकाश शर्मा भण्डारीलाई नेपालस्थित अमेरिकन दूतावासले गराएको आरोप पनि लागेको छ। सोही कारण क्षेत्र नं. ४ मा रास्वपाका तर्फबाट उम्मेदवारी नै फिर्ता लिन लगाइएकोसमेत स्रोतको दाबी छ।

अमेरिकन फ्रिडम पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीको हरेक कुरा मिल्नु कुनै संयोगमात्र हो वा लामो समय अमेरिका बसेर आएका रवि उता बस्दा सोही पार्टी निकट व्यक्तिहरूसँग नजिक थिए र नेपालमा उस्तै नाम, पार्टीका झण्डा, चुनाव चिह्न लिएर राष्ट्रिय राजनीतिमा आए भन्ने कुरा सायद निर्वाचनपछि लामिछानेले प्रस्ट पार्नुपर्छ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

सुदूरपश्चिम मतगणना

# प्रतिनिधिसभाका १० निर्वाचन क्षेत्रको टुंगो

■ शेरबहादुर सिंह

**महेन्द्रनगर-** जम्मा १६ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिममा बिहीबार साँझसम्म १० वटा निर्वाचन क्षेत्रको टुंगो लागेको छ। नौ वटा जिल्ला रहेको सुदूरपश्चिममा सबैभन्दा बढी कैलालीमा पाँच वटा निर्वाचन क्षेत्र रहेका छन् भने कञ्चनपुरमा तीन, अछाममा दुई र बाँकी जिल्लामा एक/एक निर्वाचन क्षेत्र रहेको छ।

यहाँ १० निर्वाचन क्षेत्रको निर्वाचन नतिजा सार्वजनिक भए पनि एक निर्वाचन क्षेत्रमा मतदान प्रक्रिया रोकिएको छ भने पाँच वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा मतगणना जारी रहेको छ। प्रतिनिधिसभातर्फ डडेलधुराबाट प्रधानमन्त्री शेरबहादुर देउवाले सातौं पटक निर्वाचनमा विजयी भएका छन्। उनले प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार सागर ढकाल र नेपाली कांग्रेस बिपीका नेता कर्ण मल्ललाई पराजित गरे। वि.सं. २०४८ यता डडेलधुराबाट निरन्तर निर्वाचनमा जित्दै आएका प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति देउवालाई यसपटक सत्ता गठबन्धन दलको दरिलो साथसमेत थियो।

त्यसैगरी नेपाली कांग्रेसका सुदूरपश्चिम प्रदेश अध्यक्ष एवं सत्ता गठबन्धनका उम्मेदवार वीरबहादुर बलायर कैलाली निर्वाचन क्षेत्र नं ४ बाट निर्वाचित भएका छन्। पूर्वमन्त्रीसमेत रहेका बलायरले यसअघि २०७० सालको निर्वाचनमा डोटीबाट निर्वाचन जितेका थिए। वि.सं. २०७४ मा तत्कालीन नेकपा एमालेका (हाल एकीकृत समाजवादी पार्टी) नेता प्रेम आलेसित पराजित भएका नेता बलायरले यसपटक भने सत्ता गठबन्धनका कारण कैलाली सर्नुपरेको थियो। निर्वाचन क्षेत्र नं ४ मा नेकपा एमाले का नेता एवं पूर्वमन्त्री लेखराज भट्टलाई पराजित गर्दै बलायर निर्वाचित भएका हुन्।

त्यसैगरी कैलाली निर्वाचन क्षेत्र नं ३ मा नागरिक उन्मुक्ति पार्टीका नेता गंगाराम चौधरी निर्वाचित भएका सुदूरपश्चिम प्रदेश निर्वाचन कार्यालय धनगढीका प्रमुख प्रेम भट्टले जानकारी दिए। उनका अनुसार चौधरीले सत्ता गठबन्धनका उम्मेदवार एवं माओवादी केन्द्रका नेता कृष्णकुमार चौधरीलाई पराजित गरेका छन्। कैलालीमा निर्वाचन क्षेत्र नं १, २ र ५ को गणना भइरहेको छ। त्यसैगरी कञ्चनपुर निर्वाचन क्षेत्र नं २ मा सत्ता गठबन्धनका उम्मेदवार पूर्वमन्त्री नारायणप्रकाश साउद निर्वाचित भएका छन्।

नेपाली कांग्रेसका नेता साउदले नेकपा एमालेका नेता नरबहादुर धामीलाई पराजित गर्दै आफू निर्वाचित भए। वि.सं. २०७४ को निर्वाचनमा एमाले उम्मेदवार धामीसित पराजित गरेका कांग्रेस नेता साउद २०७० सालमा पनि निर्वाचित भएका थिए।

त्यसैगरी कञ्चनपुर निर्वाचन क्षेत्र नं ३ मा पनि नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री रमेश लेखक फराकिलो मतान्तरले निर्वाचित भएका छन्। नेकपा एमालेका उम्मेदवार निरुदेवी पाललाई पराजित गर्दै सत्ता गठबन्धनका उम्मेदवार लेखक यहाँबाट तेस्रोपटक निर्वाचित भएका छन्।

नेता लेखक २०७४ सालको निर्वाचनमा एमालेका उम्मेदवार डा. दीपकप्रकाश भट्टसित झिनो मतले पराजित भएका हुन्। तीन निर्वाचन क्षेत्र रहेको कञ्चनपुरमा अहिले निर्वाचन क्षेत्र नं १ को गणना जारी रहेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। यहाँ सत्ता गठबन्धनबाट उम्मेदवार बनेकी माओवादी केन्द्रकी नेता बिना मगर जारी गणनामा पछि परेकी छन्।

नेकपा एमालेका उम्मेदवार पूर्वप्रदेश सरकारका मन्त्रीसमेत रहेका तारा लामा तामाङले यहाँ सुरुआतदेखि अग्रता लिएका छन्। निर्वाचन क्षेत्र नं १ मा यसअघि माओवादी केन्द्रकी नेत्री मगर निर्वाचित भएकी थिइन्।

त्यसैगरी दुई निर्वाचन क्षेत्र रहेको अछाममा सत्ता गठबन्धनका दुवै उम्मेदवार निर्वाचित भएका छन्। अछाम निर्वाचन क्षेत्र नं १ मा सत्ता गठबन्धनबाट एकीकृत समाजवादीका नेता एवं श्रम तथा रोजगारमन्त्री शेरबहादुर कुँवर निर्वाचित भएका छन्। सो निर्वाचन क्षेत्रमा नेकपा एमालेबाट झपट बोहरा उम्मेदवार थिए। उक्त क्षेत्र नेकपा एमालेका नेता डा. भीम रावलको क्षेत्र पनि हो। त्यसैगरी अछाम निर्वाचन क्षेत्र नं. २ मा सत्ता गठबन्धनका उम्मेदवार तथा कांग्रेस नेता पुष्पबहादुर शाह निर्वाचित भएका छन्। *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SIDDIQI HOSPITALITY

पूर्व स्वीकृति मिति २०७९/०५/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०८ | LT. No. 270421 | चलानी नं.६०१८६६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1500 | ४३,४१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 3 | 1000 | ३५,६०५ | | | | | | | |
| 3 | Waitress | 0 | 3 | 1800 | ६४,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १६ गते (2nd Dec. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

ELITE GURKHAS

श्रम ईजाजत नं.५३५/०६१/०६२

**Elite Gurkhas Overseas Pvt. Ltd.**

Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638
Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np



## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!**

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

कम्पनी : JS SECURITY SERVICES SDN BHD

Pre Approval Date : 2022-05-18 | Post Approval Date : 2022-11-24 | LT. No.263119 | Invoice No. 60179336
पूर्व स्वीकृति मिति : २०७९/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०८ | एल टि न. २६३११९ | चलानी नं.६०१७९३३६

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिंगिट MYR | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४३,१२५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोट:** आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
ELITE GURKHAS OVERSEAS PVT. LTD. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Interview will be conducted on 2nd December, 2022 in office premisees.**
**अन्तर्वाता मिति २०७९ मंसिर १६ गते कार्यालय परिसरमा हुनेछ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

ELITE GURKHAS OVERSEAS (P) Ltd.

**Elite Gurkhas Overseas Pvt. Ltd.**

Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638
श्रम ईजाजत नं.५३५/०६१/०६२ Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np


## चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चन्द्रनिगाहपुर , रौतहट
मधेश प्रदेश , नेपाल

### ठेक्का स्थगित गरिएको सम्वन्धमा

प्रकाशित मिति : २०७९।०८।०९

यस चन्द्रपुर नगरपालिकाको कार्यालयले आ.व.०७९।०८० को लागि सेनिटरी प्याड खरिद सम्वन्धी ठेक्का नं CMGoods/०१/२०७९/०८० मिति २०७९।०७।१८ गतेको सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोलाई अर्को व्यवस्था नहुनजेलसम्मको लागि नगर प्रमुखको आदेश बमोजिम हाललाई स्थगित गरिएको व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOON UNIVERSAL GENERAL TRADING CO./W.L.L.

पूर्व स्वीकृति मिति २०७८/०८/२० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/०८ | LT. No. 253038 | चलानी नं. ६०१९१९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steward | 12 | 0 | 105 | ४४,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १६ गते (2nd Dec. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

